मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थलङ, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको उपस्थिति तथा निर्णय

बैठक सङ्ख्याः १०

बैठक मितिः २०७९/१२/२१
बैठक प्रारम्भ समयः १२:०० बजे अपरान्ह     बैठक समापन समयः ०५:०० बजे अपरान्ह

| क.स. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| 1. | श्री भक्त बहादुर कार्की | अध्यक्ष | | |
| 2. | श्री डण्डु लामा शेर्पा | उपाध्यक्ष | | |
| 3. | श्री ललित नारायण यादव | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| 4. | श्री राम कुमार लिम्बु | १ नं. वडा अध्यक्ष | | |
| 5. | श्री झरेन्द्र प्रसाद थापा | २ नं. वडा अध्यक्ष | | |
| 6. | श्री मचिन्द्र कुमार लिम्बु | ३ नं. वडा अध्यक्ष | | |
| 7. | श्री सदन कुमार लिम्बु | ४ नं. वडा अध्यक्ष | | |
| 8. | श्री ग्यान्जे शेर्पा | ५ नं. वडा अध्यक्ष | | |
| 9. | श्री फुपुलामु शेर्पा | सदस्य | | |
| 10. | श्री सरिता गहते | सदस्य | | |
| 11. | श्री लछीमाया विश्वकर्मा | सदस्य | | |
| 12. | श्री सलिना बराईली | सदस्य | | |
| 13. | श्री मदन कुमार विक | सदस्य | | |

अन्य उपस्थितिः

| | | | | |
|---|---|---|---|---|
| 1. | श्री लक्ष्मी मगर | क.अ. | | |
| 2. | श्री प्रशान्त खतिवडा | लेखापाल | | |
| 3. | श्री घनेन्द्र थापा | निजि सचिव | | |

**प्रस्ताव नं. ०१, थुलुङखोला ल.ज.वि. मर्मत सम्बन्धमा ।**

**निर्णय नं. ०१,** प्रस्ताव नं. १ माथी छलफल गर्दा वडा नं. ०४ थलङ स्थित संचालित थुलुङखोला ल.ज.वि. मर्मतको लागि रु. १ लाख दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०२, ह्युम पाईप जडान सम्बन्धमा ।**

**निर्णय नं. ०२,** प्रस्ताव नं. २ माथी छलफल गर्दा निम्न बमोजिमको खोला/खोल्सीहरुमा ह्युम पाईप लगाउने निर्णय पारित गरियो ।

<u>निम्नः</u>

| क्र.सं. | वडा नं. | ह्युम पाईप संख्या | कैफियत |
|---|---|---|---|
| १ | ५ पापुङ | ६ वटा ठुलो | |
| | | ६ वटा सानो | |
| २ | ४ साँवा | १२ वटा ठुलो | |
| | | ५ वटा सानो | |
| ३ | ३ लिवाङ | ४ वटा ठुलो | |
| | | २ वटा सानो | |
| ४ | २ खोक्लिङ | २ वटा ठुलो | |
| ५ | १ खोक्लिङ | २ वटा सानो | |

उक्त सवै वडाहरुमा ह्युम पाईप जडानको लागि लाग्ने ढुवानी तथा जडान खर्च रु. ५,००,०००।– (अक्षरेपी पाँच लाख रुपैया) गत आ.व. २०८०/८१ मा अल्याबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ०३, गोलिया निकासी सम्बन्धमा ।**

**निर्णय नं. ०३,** प्रस्ताव नं. ०३ माथी छलफल गर्दा मिक्वाखोला गाउँपालिका भित्रबाट निकासी हुने गोलिया बर्खा समयमा हुने मोटरबाटोको क्षतीलाई मध्यनजर गर्दै मिति २०८० वैसाख २५ गतेबाट २०८० असोज ०१ गते सम्म गोलिया निकासी गर्ने ट्र्याक्टर तथा ट्रक संचालन गर्न नदिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०४, रामनवमी मेला खेलकुद सम्बन्धमा ।**

**निर्णय नं. ०४,** प्रस्ताव नं. ०४ माथी छलफल गर्दा रामनवमी मेला खेलकुद संचालनको लागि रु. १,५०,०००।– (अक्षरेपी एक लाख पचास हजार रुपैया) थप गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०५, मोटरबाटो मर्मत सम्बन्धमा ।**

**निर्णय नं. ०५,** प्रस्ताव नं. ०५ माथी छलफल गर्दा खोक्लिङ डाँडागाउ देखी भस्मेखोला लिवाङ सम्मको मोटरबाटो मर्मतको लागि रु. ४,००,०००।– (अक्षरेपी चार लाख रुपैया) र लिवाङ हाङसाङ चोक देखी हाडीखोल-सर्जा सम्म मोटरबाटो सोलिङको लागि रु. २,००,०००।- (अक्षरेपी दुई लाख रुपैया) गत आ.व. २०८०/८१ मा अल्याबाट भुक्तानी गर्ने गरी काम गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०६, पालिका स्तरिय गौरवको कार्यक्रम/योजना माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ०६,** प्रस्ताव नं. ०६ माथी छलफल गर्दा सिम्ले-डाँडागाउ-गाउँपालिका केन्द्र-पापुङ ओलाङचुङ-मौमा तिब्बत अन्तराष्ट्रिय मार्ग निर्माण पालिका स्तरिय गौरवको योजनाको रुपमा प्रदेश तथा संघीय मन्त्रालयमा माग गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०७, भ्याकुलोडरको लागि डिजेल खरिद सम्बन्धमा ।**

**निर्णय नं. ०७,** प्रस्ताव नं. ०७ माथी छलफल गर्दा भ्याकुलोडर संचालनको लागि डिजेल खरिद गर्नको लागि आवश्यकता अनुसार विपदव्यवस्थापन कोषबाट खरिद गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०८, कार्यक्रम/योजना माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ०८,** प्रस्ताव नं. ०८ माथी छलफल गर्दा निम्न बमोजिमको कार्यक्रम/योजनाहरु प्रदेश तथा संघीय मन्त्रालयमा माग गर्ने निर्णय पारित गरियो ।

<u>निम्नः</u>

१. आप्लासी देखी वडा नं. ०५ पापुङ जोड्ने झोलुङ्गे पुल निर्माण, मिक्वाखोला वडा नं. ०४ ।

२. बुहारी खोल्सा र इसुवा जोड्ने झोलुङ्गे पुल निर्माण, मिक्वाखोला वडा नं. ०४ ।

३. मानेडाँडा देखी चर्च सम्म मोटरबाटो निर्माण तथा मर्मत ।

४. भस्मेखोला सिचाई आयोजना निर्माण ।

५. अमरेश्वर शिवालय मन्दिर निर्माण ।

६. फुङफुङगे झरना सौन्दर्यीकरण ।

**प्रस्ताव नं. ०९, पशु सेवा कार्यक्रम संचालक कार्यविधि २०७९ सम्बन्धमा ।**

**निर्णय नं. ०९,** प्रस्ताव नं. ०९ माथी छलफल गर्दा **पशु सेवा कार्यक्रम संचालक कार्यविधि २०७९** पास गरी सो कार्यविधिको अनुसुची ३ को समितिमा गाउँपालिका उपाध्यक्ष श्री डण्डु लामा शेर्पा को संयोजकमा ५ जना सदस्य सहितको समिति रहने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १०, राहत रकम दिने सम्बन्धमा ।**

**निर्णय नं. १०,** प्रस्ताव नं. १० माथी छलफल गर्दा मिक्वाखोला गाउँपालिका वडा नं. ०३ लिवाङ निवासी तितेन्द्र कुमार लिम्बुको घर २०७९ साउन ११ गतेको बाढीपहिरोले बगाएको हुँदा निजको निवेदन माग बमोजिम राहत स्वरुप रु. १,५०,०००।– (अक्षरेपी एक लाख पचास हजार) विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ११, पारिश्रमिक रकम श्रोत साझेदारी प्रतिवद्धता सम्बन्धमा ।**

**निर्णय नं. ११,** प्रस्ताव नं. ११ माथी छलफल गर्दा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, काठमाडौको मिति २०७९/११/२८, च.नं. १४५४ को प्राप्त पत्र बमोजिम आ.व. २०८०/८१ को लागि उल्लेखित सेवा ईकाइमा कार्यरत जनशक्तिको ६ महिना बरावरको तलब रकम यस कार्यालयबाट श्रोत साझेदारी गरि व्यहोर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १२, तिल्जुङ गुम्बा ठेस गाह्रो निर्माण सम्बन्धमा ।**

**निर्णय नं. १२,** प्रस्ताव नं. १२ माथि छलफल गर्दा वडा नं. ०५ स्थित तिल्जुङ गुम्बा ठेस गाह्रो निर्माण को लागि १,५००,००।– (अक्षरेपी एक लाख पचास हजार रुपैया) गत आ.व. २०८०/८१ भुक्तानी हुने गरी रकम विनियोजित गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १३, वन वातावरण तथा विपद व्यवस्थापन समिति सदस्य-सचिव तोक्ने सम्बन्धमा ।**

**निर्णय नं. १३,** प्रस्ताव नं. १३ माथि छलफल गर्दा वन वातावरण तथा विपद व्यवस्थापन समिति सदस्य-सचिव कम्प्युटर अपरेटर लक्ष्मी मगर लाई तोक्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १४, स्वास्थ्य कार्यक्रम सम्बन्धमा ।**

निर्णय नं. १४, प्रस्ताव नं. १४ माथि छलफल गर्दा प्रदेश शशर्त कार्यक्रम अनुसार निम्न कार्यक्रम संचालन गर्ने निर्णय पारित गरियो ।

निम्नः

१. पोषण विशेष (स्वास्थ्य) क्षेत्रको कार्यक्रम संचालन रु. १,५०,०००।–

२. पोषण संवेदनशील (खानेपानी तथा सरसफाई, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) रु. १,५०,०००।-

*आजको वैठक यहि अन्त्य गरियो ।*